# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०१ मितिः २०८०।०१।०३

## भाग-२

सम्बत् २०८० सालको कार्यविधि नं १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको माछापुच्छ्रे गाउँपालिकाको **"माछापुच्छ्रे गाउँपालिकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# “माछापुच्छ्रे गाउँपालिकाको आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०”

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनिय भएकोले, माछापुच्छ्रे गाउँपालिकाको विनियोजन ऐन २०७९।८० बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८० लाई गाउँपालिकाको मिति २०८०।०१।०३ मा बसेको गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि माछापुच्छ्रे गाउँकार्यपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागु हुनेछ ।

**२.पभिाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई जनाउनेछ ।

(ख) “अध्यक्ष” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको अध्यक्षलाई जनाउने छ ।

(ग) “उपाध्यक्ष” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(घ) “गाउँ सभा” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले माछापुच्छ्रे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

(छ) “कोष” भन्नाले गाउँपालिकाको आर्थिक सहायता कोषलाई जनाउनेछ ।

(ज) “आर्थिक सहायता” भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपत लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मष्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित अति विपन्न/विपन्न व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई जनाउनेछ ।

## परिच्छेद-२
## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**३. अवधारणाः**

माछापुच्छ्रे गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सिर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, न्यून आर्थिक स्थिति रहेका (विपन्न/अति विपन्न) दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अँगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुर्याउने यस प्रकारको कोषको स्थापना भएको छ ।

**४. लक्ष्यः**

प्राकृतिक तथा मानव सृर्जित विपदमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, विपन्न दीर्घरोगीहरु, अँगभँग भएकाहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलव्ध गराउनु नै कोषको लक्ष्य रहेको छ ।

**५. उद्धेश्यः**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

(३) अति विपन्न/विपन्न घर परिवारलाई तत्काल राहत पुऱ्याउने ।

**६. नीतिः**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र परि भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखीएको कार्य गरी क्षति न्यूनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगी, दुर्घटनामा परि अंगभंग हुनेहरु लाई तत्काल राहत उपलव्ध गराउने ।

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

## परिच्छेद-३
## कोष स्थापना:

**७. कोष स्थापना:**

(१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**८. कोषमा जम्मा हुने रकम:**

(१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैह्र सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद-४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. कोषबाट खर्च हुने क्षेत्र:**

(१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा दोहोरो सुविधा नपाउने गरी देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| | | **सामाग्री तथा नगद सहयोग** | |
|---|---|---|---|
| **क्र.सं.** | **आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण)** | **तत्काल उपलब्ध गराउने** | **सहयोग गर्ने रकम रु.** |
| १. | घर/गोठ दुवै जलेर वा पुरिएर सामाग्री समेत नष्ट | पाल, भाँडाकुँडा, लत्ताकपडा, खाद्यान्न बढीमा रु २०,००० | १०,०००/- - २०,०००/- |
| २. | घर जलेर | | १०,०००/- - २०,०००/- |
| ३. | विरामी, रोगी उपचार वापत | | ५,०००/- - १०,०००/- |

(३) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मष्तिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरीव/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति/परिवार रु. ५,०००/- देखि ५०,०००/- सम्म उपचार खर्च उपलब्ध गराउन सकिनेछ ।

**१०. सहयोग माग गर्दा पेश गर्नु पर्ने कागजात:**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा १० वमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) वमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नु पर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धीत प्रहरी कार्यालयको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याँकन

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणीत सिफारिस पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलव्ध गराउँदा निम्न प्रकृया अवलम्न गर्नेछः

(क) सम्बन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिंङ होम वा स्वास्थ्य किल्निक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी ।

(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेसन गर्नु पर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा मेडिकल वोर्डको सिफारिस सम्बन्धीत कागजातपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणीत सिफारिस पत्र

**११. आर्थिक सहयोगको निर्णयः**

(१) दफा १० वमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. ५०००/- देखी माथि रु. २०,०००/- सम्मको हकमा गाउँपालिका अध्यक्षको तोक आदेश वमोजिम प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलव्ध गराउन परेमा कार्यपालिकाको बैठकले निर्णय गर्नु पर्नेछ ।

(३) दफा ९ को उपदफा (२) वमोजिमको सामाग्री तत्काल उपलव्ध गराउन प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ ।

(४) औषधी उपचार सहयोग उपलव्ध गराउँदा गाउँपालिकाको स्वास्थ्य शाखाबाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश हुनेछ ।

## परिच्छेद-५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः**

(१) आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

## परिच्छेद-६
## विविध

**१३. आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्नेः**

(१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यक्ता अनुसार बृद्धि गराउन सक्नेछ ।

(२) जाँच पास तथा फरफारक (१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून वमोजिम हुनेछ ।

**१४. कार्यविधिको संशोधनः**

(१) यस कार्यविधिलाई गाउँ कार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१५. बचाऊ र खारेजीः**

(१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि वमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँ कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

**आज्ञाले,**
**वेदहरि अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

माझ्यात्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की